# 'लिखे' उपन्यासमा दलित महिलामाथि हुने तेहरो शोषण र त्यस विरूद्धको चेतना

**भोलानाथ ओझा, एम. फिल.**
सहप्राध्यापक
नेपाली तथा आम सञ्चार विभाग
जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौँ, नेपाल
Email: bholaojha25@gmail.com

**सार**

*प्रस्तुत लेख शरद पौडेलको लिखे उपन्यासमा चित्रित महिला पात्रमा केन्द्रित छ । लिखे उपन्यासमा दलित जात विशेषले कथित उच्च जातकाबाट सामाजिक, सांस्कृतिक उत्पीडनको अवस्थालाई चित्रण गरिएको छ । यसमा हिन्दू वर्ण व्यवस्थाले सिर्जना गरेको छुवाछुतका कारण दलित महिलाहरू लिङ्गीय, वर्णीय र वर्गीय शोषणमा परेको वस्तुसत्यलाई दलित चेतनाका कोणबाट विश्लेषण गरिएको छ। यस अध्ययनका आधारमा हेर्दा कथित उच्च जातका महिलाहरू लिङ्गीय र वर्गीय उत्पीडनमा परेका छन् भने दलित महिलाहरू यसका अतिरक्ति वर्णीय उत्पीडन गरी तेहरो शोषणमा परेका छन् । दलित महिलाहरूको उत्पीडनको अनुभूति मानसिक तहमा मात्र सीमित छ। उनीहरूको अनुभूतिले मानसिक तहमा विद्रोहको सिर्जना गरेको छ, तर उनीहरू माथि भएको जातीय, वर्गीय र लिङ्गीय उत्पीडनका विरुद्ध सङ्गठित रूपमा प्रतिकार गर्ने क्षमताको विकास हुन नसकेको निष्कर्ष अध्ययनको अन्त्यमा निकालिएको छ ।*

**शब्दकुञ्जी :** दलित चेतना, वर्णवाद, मर्दवाद, वर्गवाद, वर्णव्यवस्था, अछुत ।

## विषय परिचय

शरद पौडेल आधुनिक नेपाली उपन्यासको समसामयिक धाराका प्रगतिवादी विचार प्रस्तुत गर्ने उपन्यासकार हुन् । उनका दीपशिखा (२०५३) गीतिसङ्ग्रह, बुहारी (२०५३) र गुमा (२०६०) गीतिनाटक; हाम्रा काका काकी (२०५८) गीत सङ्ग्रह; वनचरीको गीत (२०५८) र अचम्मको गाँठो (२०५९) बाल साहित्य र लिखे (२०५९), सिमाना वारिपारि (२०६१) र तपन (२०७३) उपन्यास प्रकाशित छन् । उनले रचना गरेका सबै साहित्यिक कृतिमा हिन्दू वर्णव्यवस्थाले सिर्जना गरेको दलित एवम् पानी नचल्ने जात भनी तिरस्कार गरिएका मानिसहरूको पीडाको अभिव्यक्ति पाइन्छ । उनको लिखे उपन्यास मुक्तिनाथ तिम्सिनाद्वारा लेखिएको को अछूत ? (२०११) उपन्यासले उठान गरेकै दलित विषयक उपन्यासको निरन्तरता हो। को अछूत ? उपन्यासपछि

दलितलाई नै प्रमुख पात्र र प्रमुख विषय बनाई प्रकाशन गरिएको लिखे उपन्यासका ३९ अध्यायमध्ये २९ अध्यायहरू नवयुग मासिक पत्रिकामा धारावाहिक रूपमा २०५३ देखि २०५७ सालको पौष अङ्कसम्म प्रकाशित भएका हुन्। सबै अङ्कलाई समेटी २०५९ सालमा मात्र उपन्यासको रूपमा प्रकाशित भएको हो। धारावाहिक रूपमा प्रकाशन भएको विषयलाई नलिने हो भने खगेन्द्र सङ्ग्रौलाको जूनकीरी को सङ्गीत (२०५६) दलित विषयक दोस्रो उपन्यास हो भने कुलप्रसाद ढकालको जुठेको नयाँ घर (२०५८) तेस्रो उपन्यास हो। आधुनिक नेपाली उपन्यास परम्परामा जुठेको नयाँ घर पछि दलित विषयलाई केन्द्रमा राखेर लेखिएको लिखे चौथो उपन्यास हो। पश्चिम नेपालको बागलुङ र पर्वत जिल्लाका दलित बस्तीको कारुणिक कथालाई विषयवस्तु बनाएर लेखिएको प्रस्तुत उपन्यासमा दलित परिवारको आर्थिक, सामाजिक र सांस्कृतिक समस्याका विषयमा प्रकाश पारिएको छ। दलितका यी समस्याहरू दलितका मात्र नभएर राष्ट्रिय समस्या हुन्, तापनि यसको समाधानका लागि दलित आफैँ अग्रसर हुनुपर्ने विचार यस उपन्यासको केन्द्रीय कथ्य हो। यस उपन्यासमा वर्गीय र वर्णीय दुवै समस्यालाई मूल रूपमा उठाइएको छ, तापनि वर्गीय समस्या समाप्त हुनासाथ वर्णीय समस्या समाधान भई हाल्ने विषयमा उपन्यासकार ढुक्क हुन सकेको स्थिति छैन। उनले वर्गीय र वर्णीय समस्यालाई समाधान गर्न एक साथ लाग्नु पर्ने विषयलाई उपन्यासमार्फत् जोड दिएका छन्।

लिखे दलित विषयक उपन्यास भएका कारण कथित उच्च जातका हुँ भनिनेहरूबाट दलितहरू सामाजिक एवम् सांस्कृतिक रूपमा कति अपहेलित र अपमानित हुनु परेको छ भन्ने विषयलाई मात्र अगाडि सारेको छैन। यसले दलित महिलाहरूको कारुणिक स्थितिको चित्रण पनि साङ्केतिक रूपमा गरेको छ। नेपाली समाजले मात्र होइन विश्व समाजले नै महिलालाई दोस्रो नागरिक ठानेको छ। विकसित देशहरूमा समेत महिलाको स्थिति कमजोर भएको सन्दर्भमा नेपाली समाजको स्थिति झन् भय ग्रस्त छ। दलित महिला कसरी भयग्रस्त जीवन बाँच्न बाध्य छन् भन्ने कुराको सङ्केत चाउरीका माध्यमबाट लिखे उपन्यासमा प्रस्तुत गरिएको छ। दलितहरू वर्णवादका कारणले सामाजिक एवम् सांस्कृतिक रूपमा परापूर्वकालदेखि नै शोषित र अपमानित जीवन बाँचिरहेको सन्दर्भ एकातिर छ भने अर्कातिर यही वर्णवादकै कारण शिक्षा र सम्पत्तिमा अधिकार नपाएको कारण अशिक्षा र गरिबीले दलितहरू उत्पीडनमा परेका छन् भन्ने विषयलाई उपन्यासले प्रस्ट पारेको छ। दलित पुरुषहरू कथित उपल्ला जातकाहरूबाट शोषित र उत्पिडित हुँदासमेत बाह्य रूपमा आक्रोश पोख्न सक्दैनन् भने दलित महिलाहरू आफ्नै घरमा समेत शोषित र उत्पीडित हुनुका साथै घर बाहिरको वर्ण, वर्ग र लिङ्गका सबै खाले शोषणबाट आक्रान्त छन्। राजनीतिक जागरणका कारण दलित महिलामाथिको उत्पीडनले क्रमश: मानसिक रूपमा चेतना जागृत हुँदै आएको स्थिति लिखे उपन्यासकी चाउरीबाट बुझ्न सकिन्छ। प्रस्तुत लेखमा दलित भएका कारण महिलाले विद्यमान समाजमा के कस्तो उत्पीडन भोग्नु परेको छ भन्ने विषयमा केन्द्रित भएर शरद पौडेलद्वारा लेखिएको लिखे उपन्यासको विश्लेषण गरिएको छ।

## अध्ययनको उद्देश्य

लिखे उपन्यास दलित विषयमा केन्द्रित उपन्यास हो। यसमा वर्ण व्यवस्थाका कारण दमाई लगायतका दलित जात विशेषले कथित उपल्लो जात भनिएकाहरूबाट कस्ता उत्पीडन भोग्नु परेको छ भन्ने विषयलाई प्रस्तुत

गरेको छ। शैक्षिक र राजनीतिक चेतनाका कारण समाजमा विद्यमान वर्ण व्यवस्थाप्रति स्वयम् दलितहरूमा चेतनाको जागृति हुँदै गएको छ। दलितहरू वर्ग र वर्णविशेषका कारणले उत्पीडनमा परेका छन् भने दलित महिलाहरू यसका अतिरिक्त लैङ्गिक उत्पीडनमा परेका छन्। शोषण विरुद्ध चेतनाको स्वरूप ठम्याउनु यस लेखको उद्देश्य रहेको छ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत लेख वर्णनात्मक र गुणाात्मक पद्धतिमा आधारित छ। प्रस्तुत अनुसन्धान कार्यमा पर्ने अध्ययन सामग्रीको मूल स्रोत पुस्तकालय नै हो। यस अध्ययनका लागि लिएको उपन्यास प्राथमिक स्रोत हो भने साहित्यिमा दलित महिलाको सन्दर्भ तथा उपन्यास विषयक समालोचनात्मक सैद्धान्तिक सन्दर्भ तथा उपन्यास विषयक समालोचनात्मक र सैद्धान्तिक ग्रन्थहरू द्वितीयक सामग्री हुन्। यस अध्ययनमा द्वितीयक सामग्रीको पनि उपयोग गरिएको छ। अध्ययन कार्यमा लिखे उपन्यासका दलित महिला पात्रमाथि हुने उत्पीडन विरुद्धको चेतनाको स्वरूपलाई मूल उद्देश्य बनाइएको छ। प्रस्तुत अध्ययन यसै विषयमा केन्द्रित छ। अध्ययनमा सैद्धान्तिक स्वरूपभित्र दलित साहित्य र दलित चेतनाका विषयमा स्पष्ट पारिएको छ भने लिखे उपन्यासमा दलित महिलाले भोग्नु परेको वर्गीय, वर्णीय र लिङ्गीय शोषण विरुद्धको चेतनाको अवस्थालाई विश्लेषण गरिएको छ।

## दलित चेतनाको सैद्धान्तिक अवधारणा

मानव भएर मानवका श्रेणीमा बस्न नपाउने, कथित उपल्ला जातका मानिसलाई छुनसम्म पनि नहुने, अरू हिडेको बाटो हिँड्न नहुने, अलग बस्तीमा बस्नु पर्ने, कथित धर्म व्यवस्थाका खुट्टाबाट जन्म लिएका र जल, जमिन, ज्ञान र सत्ताको अधिकारबाट वञ्चित समुदाय नै दलित हुन् (ओभा, २०६९: १८)। दलित शब्दको परिभाषा दलितलाई मात्र समेटेर गर्नु हुँदैन, यसमा आर्थिक अवस्थाबाट पछि परेका सबै वर्ग समूहलाई पनि समावेश गर्नुपर्छ (लिंबाले, सन् २००५: ४२) भन्ने मत पनि छ। यस मतले मजदुर भूमिहीन, किसान, खेत मजदुर, जाति जातजाति आदिलाई पनि समेटेको पाइन्छ तर पनि वर्णगत रूपमा दलित बनाइएका मानिसहरूको स्थिति अरूभन्दा भिन्न हो र यसलाई यही कोणबाट हेर्नु आवश्यक छ। दलित समुदायले भोगेका, अनुभव गरेका जीवनका कथाव्यथाको अभिव्यक्ति नै दलित साहित्य हो। यसमा कथित उच्च जातका मानिसबाट केकस्तो तिरस्कारको अनुभूति गर्नुपऱ्यो अनि वर्णव्यवस्थाको परम्परागत मान्यताले उनीहरूलाई के कसरी अपमानित हुन बाध्य बनायो आदिका बारेमा सोभो अभिव्यक्ति हुन्छ। दलित साहित्य जीवनवादी साहित्य भएकाले यसमा समाजमा विद्यमान् वर्ण व्यवस्थाका कारण दलितहरूले दैनिक जीवनमा भोग्नु परेको कारुणिक अनुभूतिको यथार्थ चित्रण हुन्छ। यसले काल्पनिक उडानलाई महत्त्व दिँदैन। दलित साहित्यमा सङ्घर्षशील दलित वर्गको दुःख, पीडा एवम् सङघर्षको अभिव्यक्ति हुन्छ (चमनलाल, सन् २००९: २६)। यो साहित्य विद्रोहबाट स्थापित भएको हुनाले यसमा परम्पराप्रतिको अस्वीकारले बढी स्थान पाएको हुन्छ। यसमा स्वतन्त्रता, समानता एवम् बन्धुत्वको भाव हुनुका साथै वर्ण व्यवस्थाबाट सिर्जित जातिवादको विरोध हुन्छ (बाल्मीकी, सन् २००९: १६)। यसले रङ, वर्ण, जाति, लिङ्ग अथवा सामाजिक अवस्थाभन्दा माथि उठेर

समतावादी समाज निर्माणलाई बढी महत्त्व दिन्छ (चमनलाल, सन् २००९: २८)। कल्पना र प्रतिभालाई त्यति महत्त्व नदिइने यस्तो साहित्यमा वेदना, अस्वीकार र विद्रोहको अभिव्यक्ति हुन्छ र समानता, स्वतन्त्रता, न्याय र बन्धुत्वलाई जोड दिइन्छ (लिंबाले, सन् २००५: १४०)। दलित साहित्य जातिगत भेदभावका कारण सदियौँदेखि सीमान्तकृत बनाइएका दलित समुदायको शोषण, अपमान, अवहेलना, घृणा एवम् तिरस्कारबाट उठेको आक्रोशको रचनात्मक अभिव्यक्ति हो (थोरात, सन् २०१०: २४)। दलित साहित्यले लोक परम्पराबाटै कुनै जातिले आफूलाई आफैँले उत्कृष्ट र अर्कोलाई निकृष्ट मानेर गरिने अमानवीय र अतार्किक क्रियाकलापका साथै रुढिवादी चिन्तनलाई अस्वीकार गर्दै लोक मान्यता, संस्कृति, साहित्य आदिको पुनर्व्याख्या आवश्यक ठान्दछ ।

वर्ण व्यवस्थाका कारण जो दलित छ, जसले दलित्वबाट मुक्तिको आकाङ्क्षा राख्छ, त्यो चेतना नै दलित चेतना हो । व्यक्तिको व्यक्तित्व विकासको आधार समाज हो । व्यक्तिभित्र रहेको जागरुकता, चिन्तन र विवेकले नै उसलाई युग बुझ्ने सामर्थ्य दिन्छ। समयको क्रमसँगै उसको चिन्तन प्रक्रियामा पनि फेरबदल आउँछ। यस किसिमको परिवर्तनले व्यक्तिको आचरण र व्यवहारमा परिवर्तन ल्याउँछ। आचरण र व्यवहारको समष्टि रूप नै सामाजिक मूल्य हो । त्यसकारण प्राचीन अतार्किक, अवैज्ञानिक मूल्य मान्यतालाई छाडेर मानिस तार्किक एवम् वैज्ञानिक मूल्य मान्यतालाई स्वीकार गर्दछ। 'म किन दलित भएँ? कसले मलाई दलित बनायो? यसको कारण के हो? म किन सबैबाट हेपिएँ? सबैभन्दा तल्लो स्तरको एवम् घिनलाग्दो काम मात्र मैले किन गर्नु पर्‍यो' जस्ता प्रश्नको उत्तर जब व्यक्तिले आफैँभित्र खोज्न थाल्छ, तब उभित्र मुक्तिको बोध भई ज्ञानको भोक जागृत हुन्छ। व्यक्ति जब त्यही विशिष्ट ज्ञान र विवेकले प्राचीन मूल्य, मान्यतामा रहेका कुसंस्कार हटाउन प्रयत्नशील रहन्छ, तब समाजमा चेतनाको जागरण हुन्छ। यस चेतनामा स्वयम् आफ्नो स्थिति र समाज व्यवस्थाप्रति आक्रोश हुन्छ । आफूमाथि भए गरेका अन्याय, अत्याचार, शोषण, दमन, असमानता आदिका विरुद्ध प्रतिकार गर्ने चेतना जागृत हुन्छ । यसले जन्मगत आधारमा उत्कृष्टता अथवा निकृष्टताको अवधारणालाई ध्वस्त गरी दलित जातिलाई जगाउँछ र गैर दलितलाई सचेत बनाउँछ। यस चेतनाले पुराना अतार्किक रीतिरिवाजका सट्टामा आधुनिक एवम् तार्किक मूल्य मान्यताको स्थापना गरी समतामूलक समाजको निर्माणमा ध्यान केन्द्रित गर्दै मानवतालाई विश्वदृष्टि बनाउँछ। दलित चेतनाको सार भन्नु नै वर्णवादी धार्मिक परम्पराको पीडादायी व्यवस्थाप्रति विद्रोह हो । यही विद्रोही चेतनाले समाजमा व्याप्त कुरीति, कुसंस्कार, सामाजिक, सांस्कृतिक एवम् धार्मिक मूल्य मान्यता आदिमा पुनर्विचार गरी नवीनतम मूल्य मान्यताको निर्माण गर्छ। यो जातविशेषको चेतना होइन। दलित चेतना दासताका विरुद्ध विद्रोही भएर उठ्ने चेतना भएका कारण यसले वर्गको प्रतिनिधित्व गर्छ।

महिलाले महिला भएकै कारण भोग्नु पर्ने विभेद लैङ्गिक विभेद हो। यो नेपाली समाजमा परम्परादेखि नै जन्मदै छोरालाई महत्त्व दिने र छोरीलाई घृणा गर्ने गरिएबाट थालनी भएको हो। लैङ्गिक शोषणले उत्कर्ष लिएको समयमा वर्णगत र वर्गगत विभेद गौण हुन्छ । सवर्ण महिलाहरू लैङ्गिक र वर्गगत शोषणबाट आक्रान्त छन् भने दलित महिलाहरू मर्दवाद, वर्णवाद र वर्गवादको तेहरो शोषणमा परेका छन् (थोरात, सन्

२०१०: ८५)। उच्च वर्ण र वर्गका पुरुषका लागि दलित महिला सहज रूपमा पाइने भोग्य वस्तु हो भने दलितका लागि ऊ श्रमको एक यन्त्र हो (रणसुभे, सन् २००९: ४४)। यसरी पुरुष प्रधान समाजमा दलित महिला भएकै कारणले शैक्षिक, राजनीतिक, आर्थिक एवम् समग्र व्यक्तित्व विकासमा स्थिति कमजोर रहेको छ (दर्नाल, २०५८: ५५)।

धनीका घरमा काम गर्न जाँदा होस्, खेती किसानी गर्दा होस्, कार्यालयमा सानोतिनो काम गर्दा होस् या आफ्नो श्रीमान् घर बाहिर गएको अवस्थामा होस् दलित महिलाले मर्दवादको सिकार भएर चुपचाप बस्नु पर्ने अवस्था छ। यो महिला हुनु पर्दाको पीडा हो। जातीय रूपमै दलित जातिलाई अछुत मानिएकाले दलित महिलाले पनि भोग्नु परेको अर्को समस्या छुवाछुतको हो। दमिनी, सर्किनी, बदिनी, कमिनी आदि छुद्रतावाची शब्दले सम्बोधन गरी कथित उच्च जातका मानिसले दलित महिलाहरूलाई दबाएर राखेका छन्। दलित महिलाहरूलाई गाउँबस्तीका धारा, कुवा, इनार, पाटी, पौवा, मन्दिर आदिमा जान, छुन बन्देज गरिएको छ (पौडेल, २०६२: १३६)। वर्ण श्रेष्ठताको आडमा सदियौंदेखि सम्पत्ति, सत्ता र संस्कृतिमाथि आफ्नो अधिकार राखेर दलितलाई जन्मगत आधारमा मात्र होइन सबै तह र तप्कामा कथित उच्च वर्णकाले टाढा राखेका (थोरात, सन् २०१०: २३) कारण आजसम्म पनि दलितहरू सामाजिक, सांस्कृतिक एवम् धार्मिक शोषणले आक्रान्त छन्। सन्तान दरसन्तान छुवाछुतको कठोर बन्धनबाट जकडिएर उपेक्षित, घृणित, दरिद्र एवम् गुलामी जीवन जिउन दलितहरू बाध्य छन्। अछुतपनको महसुसले मात्र पनि दलितहरूलाई हजारौँ बिच्छीले डङ्क मारेको भन्दा बढ्ता पीडा हुन्छ।

दलित महिला उच्च वर्ग होस् या निम्न वर्ग, मजदुर होस् या सामाजिक अभियन्ता या प्राध्यापक नै किन नहोस् उसले दलित एवम् महिला हुँदाको पीडा साथ साथै भेल्नु पर्छ (थोरात, सन् २०१०: १५)। समाजमा दलित जति नै धनी एवम् सर्वगुण सम्पन्न नै भए तापनि ऊ दलितबाटै चिनिन्छ (महेसाणा, सन् २००९: १४)। यही अछुतपनकै कारण अन्य महिलाभन्दा दलित महिलाको स्थिति फरक रहेको छ।

दलितहरू गरिबीका कारण सवर्ण धनीका घरमा गाईभैंसी चराउन, गोबर फाल्न, घाँसपानी दिन, खेतमा मजदुरको काम गर्न जान्छन्। काम गरेबापत तिनै धनीहरूले दिएको बासी बचेको एकदुई रोटी लिएर सबैले बाँडेर खानु दलितको दैनिकी बनेको छ। यही परनिर्भरताले दलितहरूलाई जीवनभर गुलाम बनाएर राखेको छ (थोरात, सन् २०१०: १६)। दलितहरूको आफ्नो स्वपहिचान छैन। निरन्तर श्रम गर्नु समाजका उच्च वर्गको सेवा गर्नु, त्यसका बदलामा उनीहरूले जे दिन्छन्, त्यसलाई चुपचाप सहन गर्नु (रणसुभे, सन् २००९: ३३) उनीहरूको बाध्यता हो। दलितहरू सामाजिक रूपमा मात्र होइन, आर्थिक रूपमा पनि उत्पीडनमा परेका छन्। अधिकांश दलितहरू भूमिहीन छन्। भूमिहीन भएका कारण उनीहरूको उत्पादनमा कुनै अधिकार छैन। उत्पादनमा अधिकार नभएका कारण दलितहरू परनिर्भिर भएर बाँच्न बाध्य छन्। परनिर्भर हुनु दलितहरूको बाध्यता हो। दलित केवल अछुत मात्र छैन, ऊ गरिब पनि हो (लिंबाले, सन् २०३५: ८२)। आर्थिक परनिर्भताले सवर्ण व्यक्तिलाई त मानसिक रूपमा पराधीन एवम् व्यक्तित्वहीन बनाइदिन्छ भने दलितलाई त यसले मान्छे नै होइन कि जस्तो बनाइदिन्छ। नेपाली समाजमा वर्णव्यवस्थाका कारण परापूर्वकालदेखि

नै दलितहरूले जल, जमिन र ज्ञानको अभावमा वर्गीय विसमता भोग्नु परेको छ। वर्णव्यवस्थाका आडमा दलितहरू माथि वर्णीय, वर्गीय र लिङ्गीय उत्पीडनमा पर्नु परेको सत्यलाई आत्मसात् गर्दै त्यसका विरुद्ध आवाज बुलन्द गर्नुपर्ने चेतना उनीहरूमा विकसित हुँदै गएको छ। यस लेखमा दलित महिला पात्रमा चेतनाको स्तर कस्तो छ भन्ने विषयमा लिखे उपन्यासको विश्लेषण गरिएको छ।

## सामग्री विश्लेषण : प्राप्ति तथा छलफल

नेपालका महिलाहरूले दोस्रो दर्जाका नागरिकले झैं शोषित, उत्पीडित एवम् तिरस्कृत जीवन जिउनु पर्ने अवस्थाको चित्रण लिखे उपन्यासमा गरिएको छ। दलित महिलालाई मात्र होइन, कथित उपल्ला जातका महिलालाई पनि शोषण दमन र उत्पीडन छ भन्ने सत्य उपन्यासले प्रस्तुत गरेको छ (ओझा, २०६९: १०७)। उपन्यासमा सान्नानीका माध्यमबाट कथित उच्च जातका महिलामा पनि उत्पीडनको अवस्थालाई देखाइएको छ भने पुरुष प्रधान सामन्ती सांस्कृतिक व्यवस्थाले महिलामाथि अत्याचार गरेको विषयलाई प्रस्तुत गरिएको छ। उत्पादनका साधन एवम् आर्थिक उपार्जनमा पुरुषको वर्चस्व रहेका कारण महिलाहरू उत्पीडित एवम् शोषित हुनु परेको सत्यलाई उपन्यासले उद्घाटित गरेको छ। दलित महिलाहरू लिङ्गीय, जातीय र वर्गीय शोषणको तेहरो मार खेप्न बाध्य छन् भन्ने वस्तुसत्यलाई उपन्यासमा प्रस्तुत गरिएको छ। यसरी तेहरो शोषण खेप्न बाध्य बनाइए पनि दलित महिलाको सङ्गठित आक्रोश वा विद्रोह उपन्यासमा कहीँ कतै छैन तर मानसिक तहमा उनीहरूभित्र विद्रोह छ भन्ने कुरा उपन्यासको ठाउँ ठाउँमा व्यक्त भएको छ। यसै कुरालाई यहाँ विश्लेषण गर्दै प्रतिरोधी चेतना पहिल्याउने काम गरिएको छ।

## लैङ्गिक शोषण विरुद्धको चेतना

महिला भएकै कारणले शोषित, अपहेलित एवम् तिरस्कृत हुनु भनेकै महिलामाथिको लैङ्गिक शोषण हो। महिलाले सामाजिक, आर्थिक, सांस्कृतिक एवम् पारिवारिक रूपमा शोषित भएर चुप लागेर बस्नु हुँदैन, त्यसका विरुद्धमा जागृत भई उठ्नुपर्छ भन्ने विचार नै चेतना हो। यस चेतनाले समाजमा विद्यमान् असमानता, विभेद, रुढिवादी विचार, अतार्किक नियम आदिका विरुद्ध सङ्गठित भई त्यसका विरुद्ध क्रियाशील हुन आग्रह गर्छ। पुरुष प्रधान समाजमा लैङ्गिक शोषण महिलाहरूका लागि प्रमुख चुनौती हो। यो शोषण आमाको गर्भबाट सुरु भएर मराणोपरान्त कायम रहन्छ। आमाको गर्भबाट सुरु भएको लैङ्गिक शोषण परिवार, समाज, राष्ट्रमा समेत नराम्रोसँग जकडिएर रहेको छ। यसबाट मुक्ति पाउन एकल महिलाको प्रयासले सम्भव छैन। समग्र पुरुषको मानसिकतामा परिवर्तन नआउन्जेल यो लैङ्गिक विभेद कायम नै रहन्छ। आम नेपाली महिलाहरू सामाजिक संरचनाका कारण लिङ्गीय विभेद र शोषण सहेर पीडा, अपमान, तिरस्कार, अपहेलना र नियन्त्रणमा बाँच्न बाध्य छन् (पौडेल, २०६२: १३४)। शिक्षा, सङ्गठन र सङ्घर्षको माध्यमबाट मात्रै लैङ्गिक विभेदको अन्त गर्न सकिन्छ। समग्र महिलाहरू नै लैङ्गिक उत्पीडनमा परेको विषम परिस्थितिमा दलित महिलाको अवस्था अझ भयग्रस्त छ। लिखे उपन्यासमा महिलाहरूले लैङ्गिक विभेदका कारण चरम उत्पीडन भोग्नु परेको छ। यो उत्पीडन पारिवारिक, सामाजिक र यौन गरी तिनै तहमा देख्न सकिन्छ।

## पारिवारिक शोषण विरुद्धको चेतना

अधिकांश नेपाली महिलाहरू प्रत्यक्ष रूपमा आर्थिक क्रियाकलापमा संलग्न छैनन् । कथित उच्च जातका घरमा आर्थिक अधिकार पुरुषसँग सीमित हुन्छ भने दलित महिलाहरूको परिवार त आर्थिक रूपमा विपन्न नै हुन्छ। दलित परिवारका प्रायः सबै सदस्यहरू आर्थिक, सामाजिक क्रियाकलापमा भन्दा पनि दैनिक गुजारामा नै केन्द्रित हुन्छन्। शिक्षा, स्वास्थ्य जस्ता विषयहरू दलित परिवारका लागि विलासी कुरा हुन्। त्यसकारण सवर्ण महिलाको भन्दा दलित महिलाको स्थिति फरक छ। यहाँ नारीमाथि पुरुषले मात्र शोषण गर्दैन। गरिब नारीमाथि धनी नारीले र घरघरमा सासू, बुहारी, देउरानी, नन्द, भाउजू आदिले पनि एकले अर्कोमाथि शोषण उत्पीडन गरिरहेका हुन्छन् (पौडेल, २०६६: ४१)। दलित पुरुषहरू पनि घरबाहिरमात्र श्रम गर्छन्, घरभित्रको कामलाई उनीहरू काम नै ठान्दैनन्। दलित पुरुषमात्र होइन समग्र पुरुषको सोचाइ घरभित्रको काम गर्नु हुँदैन भन्ने नै छ। महिलाले घरभित्र भात पकाउने, भाँडा मस्काउने, पानी ल्याउने, लुगा धुने आदि कामलाई पुरुष वर्गले काम नै ठान्दैनन्। किनभने त्यो कामलाई ज्यालामा मापन गर्ने चलन छैन। पुरुषहरू श्रम गर्ने ठाउँ पाएनन् भने अधिकांश समय जाँडरक्सी खाने, बारमासे खेल्ने, पसलमा गएर चिया खाने, गफ गरेर बस्ने आदि कुलतबाट ग्रसित छन्। यसबाट पनि महिलाहरूलाई घरको कामबाट उन्मुक्ति मिल्दैन। दिनरात घरको काममा जोतिनु अनि बर्सेनि जन्मिएका छोराछोरीको लालनपालनमै महिलाको जिन्दगी सकिन्छ। तर, त्यही आमाले पाएको छोरो ठुलो भएपछि आमालाई अपमान गर्छ। यो आम नेपाली परिवारको विशेषता हो।

चाउरी दमिनी मुखियाका घरबाट फर्किन ढिलो भएका कारण चाउरेले बजारमा भारी बोक्न नपाउँदा "त्यही राँडीले गर्दा त हो नि। बिस्टकाँ गा'की रात बसेर नपुगेर बिहान पनि मरिन। त्यो राँडलाई कुर्दा त यो गति भो" (पृ. ५६) भनेर चाउरे आफ्नी श्रीमतीसँग आक्रोशित भएको छ, तर उता बिष्टका घरमा छोरो भेट्न गएकी चाउरीलाई मुखिनीले गाईवस्तुका लागि कुवाबाट पानी ल्याउन, मकै पिध्न, कसौँडी मस्काउन लगाएर आउनै दिएकी हुन्न। चाउरेलाई चाहिँ बिष्ट मुखियाका घरमा चाउरी आराम गर्न गएझैँ लाग्छ। घरमा महिलाले यति मसिना मसिना काम गर्नुपर्छ कि उनीहरूलाई समय गएको पत्तै हुँदैन, तर यो पुरुष मानसिकताले बुझ्दै बुझ्दैन। एकाबिहानै उठ्नु, पँधेरामा पानी लिन जानु, घर लिपपोत गर्नु (पृ.८२) भिजेका दाउराले आगो बाल्न खोज्दा धुवाको मुस्लो आएर लोग्नेको गाली खानु (पृ.८४) आदि सबै महिलाका दैनिकी हो। घर, छोराछोरी र लोग्नेकै लागि जीवन अर्पण गर्‍यो तैपनि एक छिन खान ढिलो हुँदा "क्यै पका छैनस् ?" कि आफू घिचिवरी बस्या हो ? (पृ.८५) भन्नी आफ्नै पोइको गाली खानु, मनमा लागेका भावना पोख्यो भने पनि "आइमाई जाबाको चित्त "" (पृ.९२) भनेर हप्की खानु आम नेपाली महिलाको पारिवारिक भोगाइ हो। परिवारका लोग्ने मानिसहरू घरायसी काममा कुनै ध्यान दिदैनन्, उनीहरू स्वास्नीलाई खाना कुराएर गाउँमा गफिएर बस्छन्। "एकाबिहानै कता कता डुलेर हिँड्या हो भन्या ? उसबेला पाक्या भान्सो बिरालाको नाकै जस्तो चिसो भइसक्यो। बेलामा खा'र हिँड्दिए पोऽऽ घर बस्नेलाई पनि सजिलो हुन्च र" (पृ.९४) भन्ने गुनासो चाउरीजस्ता महिलाको गुनासो हो। यसरी खाना, खाजा बनाएर गाउँमा बारमासे खेल्न गएका लोग्नेलाई कुर्नुपर्ने चाउरीजस्ता महिलाको बाध्यता आज पनि विद्यमान छ।

दलित महिलाको अवस्थाको चित्रण गर्दै जाँदा लिखे उपन्यासमा सवर्ण दलित छोरीको अवस्था पनि त्योभन्दा कम छैन भन्ने पुष्टि हुन्छ। मुखियाकी छोरी सान्नानीले स्कुलमा पढ्न जान नपाउनु, बिहानदेखि बेलुकासम्म घरधन्दा गर्दासमेत् आमालाई खुशी पार्न नसक्नु, छोरा र छोरीमा विभेद भएको अनुभव गर्नु, मनका कुरा कसैलाई भन्न नपाउनु आदि कारणले गण्डकीमा हाम फालेर मृत्यु स्वीकार्नुले पनि प्रस्ट हुन्छ। "अर्का घराँ गएर, अर्कैको कर्म खाने जातले यत्राको पढ्न पर्‍यो? नपढे पनि हुन्च"" (पृ.१०६) भन्दै छोरीलाई पढ्न नदिने बिष्टिनी "तँलाई पढ्न क्यान पर्दैन हँ?" (पृ. १०७) भन्दै छोरालाई चाहिँ पढ्न पठाउँछिन्। छोराभन्दा दुई तीन वर्ष जेठी छोरीलाई" उहिल्यै भए पोइका घराँ गएर बुहार्तन सहने बेला भइसक्याथ्यो। अझै " अझै बालखै छु भन्ठान्यैचस्"(पृ.१०७) भन्दै "कैले सात फन्का घुमार पानी समातेर दिन पाइन्च तँलाई र आनन्न हुन्च मलाई!" (पृ.१०८) भनेर सान्नानीप्रति घृणा भाव व्यक्त गर्छिन्। "दुःख सुख एक मानोसम्म खाने ठाउँमा दिन पाए पनि काउसै पन्छे झैँ हुन्थ्यो " गन्याईले कति दुःख दिनै छ अझै " भो ऽऽ यो छोरीलाई अन्माको दिन त हेरी यो थाप्लोबाट झाँतो झिकेझैँ सन्चो हुन्थ्यो (पृ.२२८) भन्ने मुखियाको भनाइबाट उनको पनि छोरीप्रतिको धारणा मुखिनीको जस्तै थियो भन्न सकिन्छ। छोरी भएर जन्मेपछि परिवारमा बाँच्न कति गाह्रो हुन्छ भन्ने विषयमा सान्नानीका विचार उपन्यासमा यसरी आएका छन् :

जिन्नकीमा बाँच्नको लागि कसैको न कसैको सहारा चाइनी रै'च। आफ्नो दुःख सुन्दिने र सुनाउने ठाउँ चाइने रै'च। " छोरी मुन्छेको जिन्नकीले, जन्मदै हारेर आएको हुनी रै'च। सानो भइन्जेल बाउआमाको कैद। बिहे गरेर गयो लोग्ने सासू ससुराको कैद। बुढी भयो आफ्नै छोराबुहारीको कैद। छोरी मुन्छेले त जन्मदेखि मरिन्जेलसम्म कैदै कैदमा बिताउन पर्नि रै'च। कहाँको आफ्नो इच्छा, रहर? कठैबरी अझ झन खोटी छोरी मुन्छे (पृ. २५३-२५४)।

सान्नानी छोरी भएर जन्मिएकै कारण परिवारले आफूलाई घृणा गरेको बुझ्छिन् तर त्यसको प्रतिकार गर्न सक्दिनन्। प्रतिकार गर्न नसक्नु सान्नानीको मात्र समस्या होइन। यहाँ लिङ्गकै आधारमा कसैलाई आवश्यकताभन्दा बढी महत्त्व दिइन्छ भने कसैलाई बढी नै घृणा गरिन्छ। सान्नानीले परिवारको घृणाका विरुद्धमा आक्रामक हुन नसकी आत्महत्याको बाटो रोज्नु गलत काम हो, तर यो बाध्यता पनि हो। यो क्रम नेपाली समाजमा आजसम्म पनि कायमै छ। सवर्ण छोरी सान्नानी र दलित महिला चाउरीले उपन्यासमा भोगेका पारिवारिक शोषणले आम नेपाली महिलाको स्थितिको चित्रण गरेको छ।

## सामाजिक शोषण विरुद्धको चेतना

महिलामाथि हुने पारिवारिक शोषण नै क्रमिक रूपमा सामाजिक शोषणमा रूपान्तरण हुन्छ। पुरुष मानसिकताको प्रभाव परिवारबाट समाजमा जानु पनि स्वाभाविक नै हो। परिवारको त्यो पुरुष समाजको सदस्य पनि हो। महिलाहरूको व्यवहार परिवारमा सीमित छ तर पुरुषको व्यवहार परिवारमा मात्र सीमित छैन। परिवारको त्यो पुरुषले आफ्ना घरका महिलालाई जुन दृष्टिले हेरेको हुन्छ, त्यसको हेराइ अन्य महिलाप्रति पनि उही नै हुन्छ। अन्य महिलालाई हेर्ने दृष्टिकोणमा रूप फरक होला तर समग्रतामा सार उही हो। त्यसकारण पुरुष प्रधान नेपाली समाजमा आम रूपमा महिलालाई हेर्ने दृष्टिकोण निम्न कोटिको

नै छ । महिलाहरूले कुनै राम्रो काम गरे पनि चाउरेजस्ता पुरुषहरू "दमिनीले होटल चलाउन पाकी भैमा खुट्टो छैन राँडीको" (पृ.६०) भन्दै उनीहरूको अपमान गर्छन् । यो पुरुष मानसिकता हो । आफ्ना श्रीमान्ले रिसाएको समयमा जुन अपशब्द प्रयोग गर्छन्, दलित महिलाहरू पनि अरू महिलालाई रिसाएको समयमा त्यस्तै अपशब्द प्रयोग गर्छन् । उनीहरू राँडी शब्द सामान्य रूपमा प्रयोग गर्छन् । 'राँडी' शब्दले सामाजिक स्तरमा अशिष्ट अर्थ दिन्छ । यस्ता अशिष्ट शब्द बोल्दा उनीहरूलाई केही जितेको जस्तो अनुभूति हुन्छ । यो पुरुष मानसिकताकै उपज हो । बिस्टका घरमा सिकार लिन जाँदा खुइतेलाई कसले कुट्यो, उसले पत्तै पाएन । रगत पक्षे भएर घरमा आएको समयमा खुइतेकी स्वास्नी साह्रै रिसाई र मुखमा आएसम्म भनी उसले भनेको सुनेर "" राणीले स्वादले भनी ए " "(पृ. २०५) भनेर चाउरेले मनमा कुरा खेलायो । कट्टेल्नी बज्यैले मुखिनीसँग बोल्ने क्रममा समग्र महिलाप्रतिको आफ्नो विचार उपन्यासमा यसरी पोखेकी छन् :

हिजो आजका आइमाई त के हुन् ? के हुन् ? कसैले यस्सो एक वचन भन्न नहुने " । अब हेर्नोस् न ! देख्नु भएन मेरी बुहारी राँणीको चाला ? छोराले यस्सो एक दुई लपटा लायो भन्दैमा पासै लाउन पर्‍या थ्यो र ? त्यस्ता लपेटा हाम्ले त कति खाइयो कति ? खै त हामीले त्यसो गरिएन क्यारे उल्टो सौता समेत बेहोरेर बसियो (पृ.२७५) ।

कट्टेल्नी बजैका यी माथिका कुराले पनि सामाजिक रूपमा महिलाहरू कति कमजोर अवस्थामा रहेका छन् भन्ने बुझ्न सकिन्छ । लोग्नेले स्वास्नी कुट्न, गाली गर्न, सौता हाल्न सामाजिक स्वीकृति पाएको हुनाले गर्न पाउँछ भन्ने महिलाको बुझाइ छ । जसले लोग्नेका यस्ता खाले शोषण सहन सक्दैनन्, तिनले मृत्यु रोज्न बाध्य हुनु पर्छ भन्ने स्थितिको चित्रण लिखे उपन्यासमा छ ।

## यौन शोषण विरुद्धको चेतना

दलित महिलामाथि हुने शोषणमध्ये यौनशोषण पनि एक हो । आर्थिक रूपमा जमिनदारहरूसँग परनिर्भर हुनु परेका कारण दलित महिलाहरू उनीहरूद्वारा बलात्कार एवम् हिंसाको सिकार हुन बाध्य छन् (थोरात, सन् २०१०: ९६) । अशिक्षा, गरिबी र चेतनाको कमीका कारण उनीहरूमाथि यौनजन्य हिंसा हुने गरेको छ । दलित महिलासँग शारीरिक सम्बन्ध राख्दा उच्च जातका हौँ भन्नेहरूको जातमा कुनै आँच आउदैन, तर उसले विवाह गर्नु पर्‍यो भने उसको ब्राह्मणत्वमा खतरा उत्पन्न हुन्छ । तसर्थ दलित नारी सवर्ण पुरुषहरूका लागि भोग लिप्साका साधन हुन् (परमार, सन् २०१०: ६५) । उनीहरूलाई लिङ्ग, जाति र वर्ग तिनै स्तरबाट उत्पीडनमा पारिएको छ (लाल, सन् २००९: ७४) । दलित महिलाहरू आफूप्रति भएको यौन हिंसाका विषयमा उजुरी गर्न सक्दैनन् । उजुरी गर्ने ठाउँमा माथिल्ला जात भनिएकाको वर्चस्व हुने भएकाले उनीहरूले पत्याउँदैनन् र आफ्नो मात्र बेइज्जत हुन्छ भन्ने ठान्दछन् । यदि कुरा बाहिर गई हाल्यो भने आफ्नो लोग्नेले पनि छाड्ने हो कि भन्ने डर पनि उनीहरूलाई हुन्छ । यस उपन्यासकी चाउरी बिस्ट मुखियाको यौन हिंसा सहन विवश छ । उसभित्र विद्रोहको आगो त छ, तर त्यसलाई ऊ सल्काउन सक्दिन । कथित उच्च जातको मुखियाले लोग्ने घर नभएको मौका पारी चाउरीकै घरमा आएर उसलाई जुन किसिमको शोषण गर्‍यो, त्यो चाउरी सहन विवश भएको कुरा उपन्यासमा यसरी व्यक्त भएको छ :

“त्यो माथ्लो जातको, मै हुँ भन्ने बाहुन, म एक्लै भएको मौका पारेर हाम्रा घराँ पसेको कुरो लिखेका बाउलाई भन्न हुन्छ कि हुन्न होला ? त्यो कुरालाई आफ्नो पोइले कसरी लिन्छ होला ? कतै पोइ रिसाएर मलाई बेश्या भन्दै निकाल्यो भने मेरो के हाल होला ?” चाउरी तर्कनै तर्कनाले फतक्क गली उसले प्रश्न मात्र उठाउन सकी तर यौटै टुङ्गो लाइन। हात खुट्टा फतक्क छाडी (पृ.८७)।

यस अंशमा कथित माथिल्ला जातका बिस्ट भनाउँदाहरूले सामाजिक व्यवहारमा चाहिँ अछुत व्यवहार गर्ने तर वासना पूर्ति गर्नु पऱ्यो भने अछुतका घरमा गई उनीहरूले बनाएको खाने र लोग्ने नभएको मौका छोपी यौन शोषण गर्ने गरेको कुरालाई खुलासा गरिएको छ।

## वर्णीय उत्पीडन विरुद्धको चेतना

परम्परादेखि विद्यमान वर्णव्यवस्थाका कारण समग्र दलितहरू सामाजिक रूपमा बहिष्कृत र तिरस्कृत एवम् उत्पीडित छन्। दलितले समान हकका लागि पानीदेखि मन्दिरसम्म सङ्घर्ष गर्नुपर्छ (लिंवाले, सन् २००५: ३९)। उनीहरू कथित उच्च जातसँग एउटै गाउँमा बस्न पाउँदैनन्। उनीहरूका लागि छुट्टै पानी खाने कुवाको व्यवस्था गरिएको हुन्छ। कथित उच्च जातका मानिसहरू बाटोमा भेटिए भने बाटो खाली गरिदिनु पर्छ। समान रूपमा उनीहरूले आफ्नो विचार राख्न पाउँदैनन्। वर्णव्यवस्थाले जन्माएको सामाजिक उत्पीडनले दलितहरू पशुभन्दा पनि निम्न स्तरको जिन्दगी जिउन बाध्य बनाइएका छन्। देशमा भएका ठूला ठूला राजनीतिक परिवर्तनले पनि दलितहरूमाथि गरिएका उत्पीडनलाई हल गर्न सकेको छैन। परम्परावादी समाजले ज्ञान दिने संस्कार, गुरु, पुस्तक (गीता, मनुस्मृति, राम चरित्र मानस) , देवस्थल आदिलाई पवित्र एवम् उत्कृष्ट मानेको छ। ती कुरामा दलितलाई कुनै अधिकार छैन (चौवे, सन् २००९: हखष्ष्) । यसले पनि दलितलाई उत्पीडित बनाएको छ। त्यसमा पनि महिलाको स्थिति झन् दु:खदायी छ। महिलाहरू पुरुषवादी मानसिकताबाट समग्र स्थानमा अपहेलित र तिरस्कृत छन्, तर कथित उच्च जातका महिलाहरूको जीवनस्थिति दलित महिलाको जस्तो छैन। दलित महिलाले जातका कारण जुन अपमान सहनुपर्छ,, त्यो कथित उच्च जातका महिलाले पर्दैन (तिवारी, सन् २०१२: २५६)। किनभने कथित उच्च जातका महिलाहरू अन्तत: उच्च जातीय अहंकारका पक्षमा उभिन्छन्। यसबाट के स्पष्ट हुन्छ भने जब मानिसलाई दलित जातको हो भन्ने जानकारी हुन्छ, तब उनीहरूका मस्तिष्कमा घृणाको भावना जागृत हुन्छ र जात नै व्यक्तिको पहिचान बन्छ (महालिंगे, सन् २०१०: २२४)। दलित नभएको गरिब अछुत हुँदैन। उसका लागि साधन, स्रोत, शिक्षा एवम् आत्मविश्वासका सबै ढोकाहरू खुला हुन्छन्। त्यो गरिब मात्र हो तर अछुत व्यक्ति जति नै गुणी एवम कर्मठ भए पनि अगाडि बढ्न सक्दैन। धर्मदण्ड सत्ताले उसलाई सबै क्षेत्रमा प्रवेश निषेध गरेको छ (संघु, २०१२: २८)। देशमा भएको राजनीतिक परिवर्तनले पनि यसलाई निर्मूल पार्न सकेको छैन। समाजमा प्रचलित वर्णव्यवस्था, धार्मिक आडम्बर, परलोकवाद आदिका कारण आज पनि दलित महिलाहरू ग्रसित छन् र यही मानसिकताले सामाजिक उत्पीडनमा परेका छन्। वर्णव्यवस्थाका कारण दलित महिलाहरूले के कस्तो सामाजिक उत्पीडन भोग्नु पऱ्यो, त्यसको यथार्थ प्रस्तुति लिखे उपन्यासमा गरिएको छ।

लिखे उपन्यासले परम्परादेखि विद्यमान वर्णव्यवस्थाबाट दलित महिलामाथि गरिएको सामाजिक एवम् सांस्कृतिक

उत्पीडनको यथार्थलाई चित्रण गरिएको छ। यस उपन्यासको मुख्य द्वन्द्व ब्राह्मणवाद र अस्पृश्यता बिचको नै हो (भट्टराई, २०६८: २८४)। कथित उच्च जातकी बज्यैले लिखेकी आमालाई "ओइ दमिनी जा तँ घरतिर" भन्नुले उनीहरू दलितलाई नामले सम्बोधन गर्दैनन्, जातले सम्बोधन गरेर घृणा गर्छन् भन्ने देखाइएको छ। बज्यै मात्र होइन बाजेले पनि "ओइ दमिनी ! आजै जाने भइस् ?" भनेर जातले सम्बोधन गरी घृणा गर्छन् भन्ने बुझ्न सकिन्छ। त्यतिले पनि उनीहरूको मन बुझेन भने "दमिनी राँडी" (पृ. ५२) भन्न पनि पछि पर्दैनन्। कथित उच्च जातकासँग जातीय अहम् यति धेरै छ कि उनीहरूका घरमा दलित आए भने घरभित्र पस्न दिँदैनन्, गोठमा भात खान दिन्छन्। यति अपमान र तिरस्कार गर्छन् कि उनीहरूको छेउमै बस्न दिँदैनन्, तर काम चाहिँ गराको गराउँछन्। बिस्ट मुखियाको घरमा दलित महिलाहरू गए भने काम नगरी एक छिन पनि उभिन पाउँदैनन्। जति नै काम गरे पनि त्यसका बदलामा उनीहरूले नखाने गरेको मकैको पिठो, बासी भात, बासी रोटी दिएर पठाउँछन् तापनि दलित महिलाहरू दिएको वस्तु चुपचाप बोकेर घर जान्छन्। बिस्ट भनाउँदाका घरमा दिनभरि काम गर्दा उनीहरूको खुशीले जे जति दिन्छन्, दलित महिलाहरू त्यसलाई स्वीकार्छन्। यो उनीहरूको बाध्यता हो। दलितहरूका लागि पानीको पँधेरो पनि फरक हुन्छ। कथित उच्च जातको पँधेरो अलि माथि हुन्छ भने दलितको त्यसको अलि तल हुन्छ। एउटै पँधेरो छ भने त्यहाँ दलितले पानी भर्न पाउँदैनन्। कथित उच्च जातकाले भरिदिनुपर्छ। प्रकृतिले दिएको पानीमा समेत दलितको अधिकार हुँदैन। पानी पँधेरो छुट्टै हुन्छ भन्ने प्रसङ्ग उपन्यासमा यसरी चित्रण गरिएको छ :

"मनमा कुरो खेलाउँदै ऊ (चाउरी दमिनी) पँधेरामा पुगी तर पँधेरो रित्तै थियो। यसो माथितिर हेरी, उपल्लो पँधेरामा दुइ-तीन जना रैछन्। आफूभन्दा पनि अगाडि नै ब्यूँझिएर पँधेरा आएका बाहुनीहरू देखेर उसलाई झोँक चल्यो। "हैन यी काठिनीहरूको निद्रा हुन्न कि क्या हो ?" मनमनै एक फेरा सरापी र थचक्क बसी " पानीपँधेरामा गाग्री बजेको सुनेर माथिल्लो पँधेराका बाहुनीमध्येकी यौटीले मुख खोली- "एऽऽ को हो त्याँ ?" चाउरेकी स्वास्नीलाई बोल्न त मन थिएन, तर पनि जवाफ फर्काई -"म हुँ मुखिनी (पृ.८८)।

नेपाल गाउँ नै गाउँको देश हो। यहाँ घरको कामकाजमा महिलाहरू नै जोडिन्छन्। खाना पकाउन, लुगा धुन, नुहाउन, गाईबस्तुलाई पानीको अति नै आवश्यक हुन्छ, तर पानीमा दलित महिलाको सहज पहुँच छैन। पँधेरामा पानी भर्नका लागि कथित उच्च जातका मान्छेको प्रतीक्षामा उनीहरूले धेरै समय कटाउनु पर्छ। यसले गर्दा उनीहरूको बिहानभरिको समय घरमा पानी ल्याउँदा नै सकिन्छ। यही छुवाछुतकै कारण दलित महिलाले पानीमा आफ्नो अधिकार पाउन सकेका छैनन् (ओझा, २०६९: २१)। पानीको भारी थाप्लामा बोकेर ल्याउँदा, उकालो ओरालो गर्दा कथित उच्च जातका बिस्ट बिस्टिनीहरू भेटिँदा बाटो छोड्नु पर्ने बाध्यकारी स्थितिको चित्रण चाउरीका माध्यमबाट उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

चाउरीले भैसी गोठबाट थोत्रो गाग्री टिपी, थोत्रै डोकोमा हाली र पँधेरा तिर हिँडी। बाटामा आउँदै जाँदै गरेका बिस्टिनीहरूलाई बाटो छोड्दै, पन्छिँदै र तर्किँदै ऊ पँधेरो पुगी। पानीको पँधेरो छुट्टै थियो। ऊ त्यतै सोझिई कुवामा गाग्रो डुवाई। आधा गाग्री पानी बाहिर निकाली। बाँकी आधा अञ्जुलीले पानी उठाउँदै हाल्दै गरी र गाग्री भरी। थपक्क डोकामा राखी, बोकी र हिँडिहाली (पृ. २१७)।

समयको क्रमसँगै दलित महिलाको वेदना पनि विद्रोहमा रूपान्तरण हुँदै छ। यस उपन्यासमा चाउरी दमिनी जातपातका कारण आफू कथित बिस्टहरूबाट उत्पीडित हुनु परेको मनोवैज्ञानिक विद्रोह उपन्यासमा यसरी पोखिएको छ :

चाउरीले धेरै सोची । सोच्दासोच्दै बेस्कन थाके झैँ गरेर लामो सुस्केरा छाडी । सुस्केरासँगै मुखबाट फुत्त निस्कियो -“उस्तै मुन्छे भ’र पनि के को बाउन, दमै, कामी भनेर तल माथिका जात बनाका होलान् ? भगुमानले किन यसो गरेका होलान् ? उसले सोच्दै थिई सोच्दासोच्दै मुखियालाई संझी । मुखियाको व्यवहार संझी र थुक्दै बोली त्यस्तै बेभार गर्नी मुर्दार पनि बाउनको जातको अरे थुक्क” ! (पृ.२०८) ।

चाउरी दमिनीको मात्र होइन खुइतेकी स्वास्नी पनि बिस्ट मुखियाको विरोधी छे भन्ने कुरा उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

खुइतेकी स्वास्नीको अनुहारको रङ्ग बदलियो । ऊ त चौपट्टै राती देखिई । थरथर कामझैँ हुँदै आफ्नो मत राखी ‘क्यै नापिन्न, मुखिया काँ ग’र नि क्यै नापिन्न । ती बिस्ट, मुखिया पनि नचिनेका मुन्चे होइनन् । जता खान पायो, उतै लम्किन्छन् ती पनि । नचिनेका जेड्दाइ हुन् र ? तिन्काँ ग’र पसारो पर्न भन्दा त घरै उत्तिकै लडे हुन्च ।’ “ओइ काले मुर्धार, के को ट्वाल्ल परेर हेरेर बस्या चस् ? बारमासे मुर्दो, खालि तासका खालाँ मोऱ्या छ । कस्ता मुर्धारले जन्म लिएको होला कोखाँ निऽऽ !” (पृ.२०४) ।

समाजमा परम्परादेखि चल्दै आएको वर्गव्यवस्थाका कारण दलित महिलाहरू सामाजिक उत्पीडनमा परेको वस्तु सत्यलाई उपन्यासले उजागर गरेको छ। उनीहरूको वेदना क्रमश: समयको क्रमसँगै विद्रोहमा रूपान्तरित हुँदै छ भन्ने कुरा पनि चाउरी दमिनी र खुइतेकी स्वास्नीबाट बुझ्न सकिन्छ। कथित उच्च जातका मानिसहरूलाई छुन नहुने, उनीहरूका घरमा दलितले पस्न नहुने, छोएको केही खान नहुने तर दलितका घरमा पसेर जाँड रक्सी खान हुने, उनीहरूले पकाएको राँगाको मासु खान हुने, दलित महिलालाई दबाबमा पारी यौन शोषण गर्न हुने जस्ता सामाजिक यथार्थलाई उपन्यासमा प्रस्तुत गरिएको छ। अशिक्षाका कारण बिरामी पर्दा भगवान् पुकारा गर्ने, कर्मलाई दोष दिने जस्ता सांस्कृतिक अवस्थाको चित्रण पनि उपन्यासमा गरिएको छ । यसका साथै समयको क्रमसँगै दलित महिलामा आफूमाथि भएका उत्पीडनका विरुद्ध क्रमश: चेतना पनि जागृत हुँदै गएको अवस्थाको चित्रण पनि छ ।

## वर्गीय शोषण विरुद्धको चेतना

समाजबाट उपेक्षित, उत्पीडित, शोषित, सर्वहारा र भूमिहीन वर्ग नै दलित हुन्। यिनीहरू आर्थिक, सामाजिक र शैक्षिक सबै दृष्टिले शोषित छन्। शक्ति र सत्तामा रहेकाहरूबाट समान धर्म संस्कृति भएकाहरूमा छुत अछुतको व्यवहार गरी दलितलाई मान्छेभन्दा तल्लो श्रेणीमा राखिएको छ। विकसित हुँदै गएको सामाजिक एवम् राजनीतिक चेतनाबाट कथित उच्च जातकाले तल्ला जात भनिएका माथि गर्दै आएको विभेदका बारेमा दलित समुदाय नै चेतनशील बन्दै गएको र उनीहरूमा वर्ण र वर्ग मुक्तिको चेतना क्रमश: विकसित हुँदै

जान थालेको स्थिति छ। लिखे उपन्यासमा पनि वर्ण मुक्तिका साथै वर्ग मुक्तिलाई पनि एक साथ लैजानुपर्ने विचार व्यक्त गरिएको छ। परम्परादेखि जरो गाडेर बसेको वर्णव्यवस्थालाई क्रान्तिले मात्र परिवर्तन गराउन सकिन्छ, तर यसका लागि दलितहरू नै अग्रसर हुनुपर्ने विचार पनि उपन्यासले प्रस्तुत गरेको छ। वर्गीय शोषणका विरुद्धमा लिखे उपन्यासमा सवर्ण पुरुष पात्रहरू नै बढी क्रियाशील देखिन्छन्। सुनाम र परशुरामका विचारबाट प्रभावित भएको लिखे पनि वर्गीय शोषण विरुद्ध सङ्गठित हुनुपर्छ र सदाका लागि वर्ग शोषणलाई अन्त्य गर्नुपर्छ भन्ने कुरामा सहमत छ, तर उसको वर्गमुक्तिको अभियान उपन्यासमा देख्न पाइँदैन। समाजका कथित उपल्लो जातका बिस्ट मुखियाहरूबाट दलितहरू कसरी शोषित हुन्छन्, उनीहरूको श्रमको शोषण कसरी हुन्छ भन्ने विषय चाहिँ उपन्यासमा पाइन्छ।

यस उपन्यासका दलित महिलाहरूमा शोषणका विरुद्ध सङ्गठित भई प्रतिकार गर्ने क्षमताको विकास हुन सकेको छैन, तर पनि उनीहरूभित्र मानसिक रूपमा आक्रोश चाहिँ छ। दलितका घरमा जन्मेका छोराछोरी बिस्ट मुखियाका भकारो सोर्ने कमारा कमारी मात्र हुन् भन्ने सोचाइ पनि सवर्ण समाजको छ। आमाबाबुप्रति आफ्नो छोराछोरीलाई बिस्ट मुखियाका घरमा गाईबाख्रा हेर्ने, भकारो सोर्ने काममा राखिदिन्छन्। काम गरेबापत बिस्ट मुखियाले उनीहरूलाई केही दिनु पर्दैन। ती नाबालक छोराछोरीहरू आमाको ममता मनभरि गाँठो पारेर बिस्ट मुखियामुखिनीको अपमानजनक गाली खाएर अघाउँछन् र गोठमा निदाउँछन्। चाउरी दमिनीले पनि आफ्नो छोरो लिखेलाई बिस्टका घरमा भकारो सोर्ने, गाई बाख्रा हेर्ने काममा लगाएकी छ। लिखेले जागिर खाएबापत अपमान, घृणा, तिरस्कार र बिस्टका घरमा फालिएको बासी भात पाउँछ। छोराले बिष्टका घरमा दुःख पाएकाले घर ल्याउनु पर्छ भन्ने विषयमा चाउरे र चाउरीका बिचमा भएको संवादबाट बिस्टको स्वभाव थाहा हुन्छ :

"विस्टले पठाउलान् र लिखेलाई? खै मेरो त विश्वासै छैन" चाउरेले आफ्नो कुरा राख्यो। स्वास्नी चाइनेले झम्टिहाली -"तिन्ले नपठा'र हुन्च र? हाम्रो छोरो राख्दैनम् तिम्राँऽ भनेपछि नपठाएर सुख्खले। काँठा" अर्काको छोर्छोरीको रगत चुस्न पल्केको "के बाँकी राख्या छ र त्यल्ले? त्यस पापीलाई त हरिया बाँसा राखेर" (पृ. ८६)।

चाउरे चाउरीले बिस्टका घरबाट निकालेर लिखेलाई मजदुरी गर्न छिमेकीका छोरासँग इन्डिया लाउर पठाउने सोच बनाए। बिहान बेलुकै खाने समस्या भएका घरमा इन्डिया पठाउने खर्च पनि थिएन। बुढा बुढीको सल्लाह बमोजिम साहूबाट ऋण लिने कुरामा टुङ्गो गरे। सयको तीस रुपैँया ब्याजमा ऋण लिएर चाउरीले छोरो लिखेलाई इन्डिया पठाइन्। गरिबलाई शोषण गर्ने धनीका अनेक रूप हुन्छन् भन्ने कुरा समस्या परेका समयमा साहूमहाजनले चर्को ब्याज लिनुले पनि पुष्टि गर्छ।

लिखे उपन्यासको केन्द्रमा जातीय विभेदका कारण सिर्जित शोषण र त्यस शोषणको मूल जरो वर्गीय शोषणलाई प्रस्तुत गरिएको छ। वर्णवाद नै जातीय विभेको मूल आधार हो भने शोषक वर्गीय सत्ता वर्गीय शोषणको आधार हो। यी दुवै आधारहरूको जग परम्परावादी राज्यसत्ताको परिवर्तनसँगै कमजोर हुँदै गएको

छ र दलितहरूको अन्तरकुन्तरभित्र रहेको वेदनाले विद्रोहको प्रक्रिया आरम्भ गर्ने स्थितिको थालनी हुँदै छ भन्ने सङ्केत यस उपन्यासले गरेको छ ।

## निष्कर्ष

शरद पौडेल आधुनिक नेपाली उपन्यास परम्परामा समसामयिक धाराअन्तर्गत प्रगतिवादी विचारका उपन्यासकार हुन् । पौडेल मुक्तिनाथ तिम्सिनाको को अछूत ? बाट थालनी गरिएको दलित विषयक उपन्यास लेखन परम्परालाई अझ सशक्त बनाउने उपन्यासकार हुन् । उनका उपन्यास मात्र होइन, सबै विधामा नेपाली समाजमा वर्णव्यवस्थाबाट सिर्जित विद्यमान जातपात, छुवाछुत आदि समस्याको चित्रण गर्दै त्यसबाट छुट्कारा पाउने विषयको प्रस्तुति पाइन्छ । हिन्दू वर्ण व्यवस्थाबाट सिर्जित शूद्र वर्णभित्र राखिएको दलित जातिले कथित उच्च जातका मानिसहरूबाट भोग्नु परेको अपमान, घृणा, तिरस्कार र शोषणको संयोजन हो लिखे उपन्यास । यसमा वर्णव्यवस्थाका कारण दलितहरू आर्थिक, सामाजिक र शैक्षिक अवस्थामा निकै उत्पीडनमा परेका छन् भन्ने कुराको उद्घाटन गरिएको छ । वर्णव्यवस्थाका कारण अपमानित र तिरस्कृत जीवन बाँच्न बाध्य बनाइएका दलितहरूसँग खाने अन्न र उत्पादन गर्ने जमिन पनि छैन । उनीहरू जसोतसो काम गरेर दैनिकी धानिरहेका छन् । उनीहरूको पेसाले आधुनिकतासँग समायोजित हुन नसकेका कारण आफ्नो पेसा नै धरापमा परी अन्य पेसामा जाँदा उत्पीडन सहनु परेको स्थिति छ । दलित पुरुषहरू वर्ण व्यवस्थाबाट सिर्जित वर्णीय र वर्गीय शोषणको उत्पीडनमा परेका छन् भने दलित महिलाहरू वर्णीय र वर्गीयका साथै आफ्नै परिवारका पुरुष र घरबाहिरका पुरुषको यौन शोषणमा परी तेहरो शोषणको उत्पीडनमा परेका छन् भन्ने सत्यलाई लिखे उपन्यासले प्रस्तुत गरेको छ । समाजमा आएको राजनैतिक जागरण र शैक्षिक चेतनाका कारण स्वयम् दलितहरूमा आफूमाथि भएको शोषण विरुद्ध सङ्गठित हुने र अपराध सहेर बस्नु हुँदैन भन्ने विद्रोही चेतना क्रमशः जागृत हुँदै गएको विषयलाई उपन्यासले प्रस्तुत गरेको छ भने दलित महिलाहरूमा पनि आंशिक रूपमा चेतना जागृत हुँदै गएको स्थिति रहेको छ ।

## कृतज्ञता ज्ञापन

‘आधुनिक उपन्यासमा दलित चेतना’ शीर्षकको विद्यावारिधि शोधकार्यमा मलाई निर्देशन गर्नुहुने प्रा. डा. ताराकान्त पाण्डेयज्यू र उक्त अवसर प्रदान गर्ने त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालय तथा नेपाली केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

## सन्दर्भ सामग्री सूची

ओझा, भोलानाथ (२०६९), “शरद पौडेलका उपन्यासमा दलित चेतना”, अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

चौबे, देवेन्द्र (सन् २००९) *आधुनिक साहित्य मे दलित विमर्श,* दिल्ली: ओरियंट ब्लैक स्वाँन प्राइवेट लिमिटेड ।

थोरात, विमल (सन् २०१०), *दलित साहित्यका स्त्रीवादी स्वर,* दिल्ली: अनामिका पब्लिशर्स एंड डिस्ट्रब्युटर्स प्रा. लि. ।

दर्नाल, सुभाष कुमार (२०५८), ‘दलित महिला लैङ्गिक र जातीय विभेदको दोहोरो शोषणमा’, *छापामा दलित,* काठमाडौं:

एकता बुक्स (पृ.५४-५६)।

परमार, एन. एस. (सन् २०१०), *दलित चेतना और हिन्दी उपन्यास,* कानपुरः चिन्तन प्रकाशन।

पौड्याल, घनश्याम (२०६६), *उत्खनन,* काठमाडौंः विवेक सिर्जनशील प्रकाशन प्रा. लि.।

पौडेल, डि. आर. (२०६२), *नेपाली समाजमा दलित महिलाको स्थिति,* नेपाली समाजमा दलित, काठमाडौंः आत्मनिर्भर विकास मञ्च।

पौडेल, शरद (२०५८), *लिखे,* काठमाडौंः आत्म निर्भर विकास मञ्च।

भट्टराई, डिजन (२०६८), "नेपाली मार्क्सवादी उपन्यासमा मूल प्रवृत्ति" अप्रकाशित शोध प्रबन्ध. नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर।

महालिङ्गे, पांडुरंग वैजनाथ (सन् २०१०), *दलित अवधारणा एण्ड ओम प्रकाश बाल्मीकिका साहित्य,* गाजियावादः लता साहित्य सदन।

महेसाणा, पी. ए. परमार (सन् २००९), *दलित चेतनाका आधार स्तम्भ,* दिल्लीः जनवाणी प्रकाशन प्रा. लि.।

रणसुभे, सूर्यनारायण (सन् २००९), *दलित साहित्य स्वरूप और संवेदना,* गाजियावादः आमित प्रकाशन।

लाल, चमन (सन् २००९), *दलित साहित्य एक मूल्याङ्कन,* दिल्लीः राजपाल एण्ड सन्ज।

लिंबाले, सणकुमार (सन् २००५), *दलित साहित्यका सौन्दर्यशास्त्र* (द्वि.संस्क.), दिल्लीः वाणी प्रकाशन।

बाल्मीकि, ओमप्रकाश (सन् २००९), *दलित साहित्यका सौन्दर्यशास्त्र* (ते.संस्क.), दिल्लीः राधाकृष्ण प्रकाशन।

संधू, जोगिंद्र कुमार (सन् २०१२), *दलित चेतना के सन्दर्भ में कथाकार ओम प्रकाश बाल्मीकि,* गाजियावादः साहित्य संस्थान।